# REGIONAL NEWS

# ALL INDIA RADIO GANGTOK

# NEPALI NEWS

18:40 hrs 14.07.2026

<u>सिक्किमका राज्यपालले 43 एनसीसी क्याडेटहरूलाई पदक प्रदान गर्नुभयो</u>

सिक्किमका राज्यपाल ओमप्रकाश माथुरले आज बिहान लोकभवनस्थित आशीर्वाद हलमा आयोजित एक विशेष समारोहमा विभिन्न राष्ट्रिय तथा राज्यस्तरीय कार्यक्रमहरूमा भाग लिएकोमा 43 उत्कृष्ट एनसीसी क्याडेटहरूलाई राज्यपाल पदक प्रदान गर्नुभयो। यो समारोह शिक्षा विभागले समूह मुख्यालय एनसीसी दार्जिलिङ र सिक्किमसँगको सहकार्यमा आयोजना गरेको थियो। 18 स्वर्ण, 15 रजत र 10 कांस्य पदकहरु संग क्याडेटहरूलाई तीन श्रेणीमा पदक प्रदान गरिएको थियो। यसका साथै, एसोसिएट एनसीसी अधिकारी (एएनओ), लेफ्टिनेन्ट मनोज कुमार प्रधानलाई Award of Excellence प्रदान गरियो। श्री माथुरले भन्नुभयो, समारोहले राष्ट्रप्रति युवाहरूको उपलब्धि, अनुशासन र समर्पणको उत्सव मनाउँछ। पदक प्राप्तकर्ताहरूलाई बधाई दिँदै उहाँले, एनसीसीलाई राष्ट्र निर्माणको लागि एक शक्तिशाली संस्थाको रूपमा वर्णन गर्नुभयो ।

<u>मेजर जनरल ए.पी.एस. चहल, एसएमले लोकभवनमा राज्यपाल ओम प्रकाश माथुरसँग शिष्टाचार भेट गर्नुभयो</u>

राष्ट्रिय क्याडेट कोर (एनसीसी) पश्चिम बंगाल तथा सिक्किम निर्देशनालयका अतिरिक्त महानिर्देशक मेजर जनरल ए.पी.एस. चहल, एसएमले आज लोकभवनमा सिक्किमका राज्यपाल ओम प्रकाश माथुरसँग शिष्टाचार भेट गर्नुभयो।

भेटका क्रममा ब्रिगेडियर ए.पी. मलिकको पनि उपस्थिति रहेको थियो। मेजर जनरल चहलले सिक्किममा स्वतन्त्र एनसीसी ग्रुप मुख्यालय स्थापना अन्तिम चरणमा पुगेको जानकारी गराउँदै

यसबाट राज्यमा एनसीसीका गतिविधि थप प्रभावकारी हुने बताउनुभयो । उहाँहरुबीच ड्रोन तालिम, साइबर सुरक्षा, नवप्रवर्तन, साहसिक गतिविधि तथा खेलकुदसम्बन्धी कार्यक्रमबारे पनि विस्तृत छलफल भयो। श्री माथुरले सीमावर्ती तथा रणनीतिक दृष्टिले महत्वपूर्ण सिक्किममा राष्ट्र निर्माणमा युवाको सक्रिय सहभागिता आवश्यक रहेको उल्लेख गर्दै विद्यालय तथा महाविद्यालयमा एनसीसी क्याडेटहरूको संख्या बढाउन आग्रह गर्नुभयो। मेजर जनरल चहलले राज्यपालबाट प्राप्त निरन्तर सहयोग र प्रोत्साहनप्रति हार्दिक आभार व्यक्त गर्नुभयो।

## मुख्यमन्त्री सोरेडमा आयोजित 212औं भानु जयन्ती समारोहमा प्रमुख अतिथिका रूपमा सहभागी

हिजो सोरेङ जिल्लाको जौंटार खेलमैदानमा 212औं राष्ट्रियस्तरको भानु जयन्ती समारोह भव्य रुपमा सम्पन्न भयो। समारोहमा सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङ, प्रमुख अतिथिका रूपमा सहभागी हुनुभयो। समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्रीले यस्ता कार्यक्रमहरुलाई राजधानीमा मात्र सीमित नराखी विभिन्न जिल्लामा आयोजना गर्ने सरकारको दूरदर्शी सोच ग्रामीण क्षेत्रका प्रतिभाहरूको पहिचान, प्रोत्साहन र सशक्तीकरणका लागि रहेको बताउनुभयो। आदिकवि भानुभक्त आचार्यप्रति श्रद्धाञ्जलि अर्पण गर्दै मुख्यमन्त्रीले नेपाली भाषा र साहित्यको विकास तथा समृद्धिमा उहाँको अतुलनीय योगदानको प्रशंसा गर्नुभयो। यसै अवसरमा मुख्यमन्त्रीले आगामी वर्षदेखि 'अनुवाद सेतु पुरस्कार' स्थापना गरिने घोषणा गर्नुभयो। नेपाली भाषा, साहित्य, अनुवाद तथा साहित्यिक उत्कृष्टतालाई प्रोत्साहन गर्ने उद्देश्यले स्थापना गरिने उक्त पुरस्कार प्रत्येक वर्ष भानु जयन्तीको अवसरमा एकजना विशिष्ट साहित्यकारलाई प्रदान गरिनेछ। पुरस्कारस्वरूप नगद ३ लाख रुपैयाँ तथा सम्मानपत्र प्रदान गरिने उहाँले जानकारी दिनुभयो। मुख्यमन्त्रीले आगामी वर्षको भानु जयन्ती समारोह पाकिम जिल्लामा आयोजना गरिने घोषणा गर्नुभयो।

## सिक्किम पर्यावरण पर्व अन्तर्गत धार्मिक मामिला विभागले वृक्षारोपण अभियान आयोजना गर्‍यो

जारी सिक्किम पर्यावरण पर्वको एक भागको रूपमा, धार्मिक मामिला विभागले सिक्किम धनुर्विद्या संघसँगको सहकार्यमा र सिक्किम सरकारको वन विभागको सहयोगमा आज तथाङ्चेन धनुर्विद्या क्षेत्रमा "हरियो विरासत छोडी राखुहोस" भन्ने विषयवस्तु अन्तर्गत वृक्षारोपण अभियान आयोजना गर्‍यो। कार्यक्रममा धार्मिक मामिला विभाग तथा जनस्वास्थ्य इन्जिनियरिङ विभागका मन्त्री सोनाम लामा र अन्यले भाग लिएका थिए। वातावरण संरक्षणलाई प्रवर्धन गर्ने, हरियाली बढाउने र प्रकृतिको संरक्षण गर्ने सामूहिक जिम्मेवारीलाई प्रोत्साहन गर्ने उद्देश्यले यसको आयोजना गरिएको थियो। कार्यक्रमको क्रममा, सात बालबालिकालाई, सिक्किम शिशु समृद्धि योजना अन्तर्गतका लाभहरू पनि प्रदान गरियो। योजना अन्तर्गत प्रत्येकलाई 10 हजार 800 रुपैयाँ बराबरको फिक्स्ड डिपोजिट प्रमाणपत्र हस्तान्तरण गरियो, जसले लाभार्थीहरू 18 वर्षको उमेर नपुगुन्जेलसम्म रकम सुरक्षित गर्दछ, र यसले बालबालिकाको कल्याण र भविष्यप्रति राज्य सरकारको प्रतिबद्धतालाई पुष्टि गर्दछ।

## इन्टर सिक्किम Veteran ब्याडमिन्टन प्रतियोगिता 2026 जुलाई 24 देखि शुरु हुने

इन्टर सिक्किम Veteran ब्याडमिन्टन प्रतियोगिता 2026, 24 जुलाईबाट नाम्चेबोङ निर्वाचन क्षेत्र अन्तर्गत आहो याङतामको आहो ब्याडमिन्टन हलमा शुरु हुने भएको छ।